# बर्दिया जिल्लाका पालिकाहरु र सरकारी निकायहरुले सम्पादन गर्नुपर्ने आधारभूत कार्यहरु


**कृष्णहरि बास्कोटा**

प्रमुख सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग

९८४१३५०२००

# १. पांच कुरामा आत्मनिर्भर हुने

१. खाद्यान्न

२. हरियो तरकारी

३. फलफूल

४. माछा-मासु

५. दुग्धजन्य पदार्थमा आत्मनिर्भर हुने कार्यक्रम संचालन गर्ने ।

**क्रमशः**

# २. अत्याबश्यक बस्तुको सूची सार्बजनिक गर्ने

जनताको दैनिक जीवनमा अत्यावश्यक पर्ने :

१. नून

२. दुध

३. पेट्रोलियम पदार्थ

४. औषधि जस्ता वस्तुहरु सूचीकृत गरी

- तोकिएको पसलबाट,
- तोकिएको मूल्यमा,
- तोकिएको गुणस्तरमा प्राप्त हुने प्रत्याभूति गर्ने ।

**क्रमशः**

# ३. भ्रष्टाचारको गन्धरहित हुने

स्थानीय तहबाट सम्पादित हुने सबै क्रियाकलापमा :

१. पूर्णतः पारदर्शिता अपनाउने,

२. जस्को माध्यमद्वारा भ्रष्ट्राचारको गन्ध आउन नदिने, र

३. दलिय स्वार्थ शून्य तुल्याउने ।

क्रमशः

# ४. प्राबिधिक शिक्षा दिने

सबै स्कूल र कलेजमा :

१. प्राविधिक शिक्षा, र

२. व्यवसायिक शिक्षा प्रदान गर्ने,

ताकी शैक्षिक बेरोजगारको समस्या स्वतः समाधान होस् ।

**क्रमशः**

# ५. यूवालाई व्यबसायिक तालिम दिने र व्यबसाय गर्न विउपूजी दिने

आफ्नो स्थानीय तहभित्र आवश्यक पर्ने :

- सबै सेवा व्यवसायहरुमा,
- स्थानीय युवालाई तालीम दिने,
- यस्का लागि के कस्तो व्यबसायमा जनशक्ति अभाव छ, सो को पहिचान गर्ने ।

उदाहरणका लागि : स्थानीय तहभित्र स्थानीय युवाहरुले,

- कपाल काट्ने सैलुन, वा
- ब्यूटी पार्लर खोल्न चाहे नि:शुल्करुपमा व्यवसायिक तालीम दिने र निश्चित बीउ पुँजी दिएर पसल खोल्न लगाउने ।
- यस्तो पसलमा स्थानीय जनताले सेवा लिएमा २५ प्रतिशत छुटको व्यवस्था गर्ने ।

# ५. यूवालाई व्यबसायिक तालिम दिने र व्यबसाय गर्न विउपूजी दिने

- स्थानीय युवालाई सिकर्मी,
- डकर्मी,
- प्लम्बर, र
- इलेक्ट्रीसियनको तालीम दिने ।
- यस्तो तालीम खर्च स्थानीय तहले व्यहोर्ने ।
- ती तालीम प्राप्त युवाले स्थानीय तहभित्रको रोजगारीमा प्रथम प्राथमिकता पाउने प्रबन्ध गर्ने ।
- साथै स्थानीय घरधुरीलाई तालीम प्राप्त युवाले सुपथमूल्यमा सेवा दिनुपर्ने गरी करार गर्ने ।

**क्रमशः**

# ६. कोसेली घरबाट स्थानीय उत्पादन विक्री गर्ने

- स्थानीय तहमा उत्पादन हुने हरेक वस्तु बिक्री गर्न कोशेली घर स्थापना गर्ने ।
- यस्तो पसलमा स्थानीयले जे वस्तु जति परिणाममा बिक्री गर्न ल्याए पनि स्वीकार गर्ने र बिक्रीको आधारमा भुक्तानी दिने व्यवस्था गर्ने ।
- स्थानीय तह लगायत सबै सरकारी, गैर सरकारी निकायले यही पसलबाट किन्नु पर्ने व्यबस्था गर्ने ।
- यस पसलसंग सोझै खरिद गर्न सकिने कानून निर्माण गर्ने ।

# ७. कृषि उत्पादनमा जोड दिने

- सहकारी, र सामूहिक खेतीमा जोड दिने ।
- यस्मा मलखाद, बीउ बिजन, सिँचाई आदि सेवा स्थानीय तहले उपलव्ध गराउने ।
- स्थानीय तहका युवालाई कुखुरा पालन, बंगुर पालन, गाई भैँसी पालन लगायतमा जोड दिने ।
- उनीहरुबाट उत्पादित वस्तु प्रथम प्राथमिकताका साथ स्थानीय तहमा बिक्री हुने स्थिति सृजना गर्ने ।
- कृषि प्रधान यस मुलुकमा खेती र पशुपालनमा जोड दिनुपर्छ ।
- यस्का लागि स्थानीय तहद्धारा मलखाद वीउवीजन सहितको कृषि र पशु प्राविधिक सेवा संचालन गरी बजारस्थल र हाट बजारको व्यबस्था गर्नुपर्छ ।

# ८. लगानीमैत्री स्थानीय तह बनाउने

- नेशनल ग्रीडको माध्यमबाट वा सोलारद्वारा वा लघु जलविद्युतको माध्यमद्वारा आफ्नो स्थानीय तहलाई शत प्रतिशत नै लोडसेडिङ्ग मुक्त तुल्याउने ।
- आफ्नो स्थानीय तहलाई हडताल मुक्त क्षेत्र घोषण गर्ने ।
- कुनै पनि उद्योग कलकारखाना, ठेक्का पट्टाको काममा मजदुर र मालिक बीच विवाद भएमा बढिमा ३ दिनभित्र समस्या समाधान गरी काम सूचारु गर्ने सार्वजनिक प्रत्याभूति दिने ।
- बर्षमा एकपटक लगानी सम्मेलन गर्ने ।
- आफ्नो स्थानीय तहलाई पूर्णतः मदिरामुक्त तुल्याउने

**क्रमशः**

# ९. गरिबी निबारण गर्ने

- खास गरिबको पहिचान गरी परिचय पत्र दिने ।
- उनीहरुलाई स्थानीय तह, सरकारी कार्यालय, उद्योग कलकारखाना लगायतमा रोजगारी दिने घोषणा गर्ने ।
- साथै उनीहरुलाई मात्र फूटपाथको व्यापार, ठेलाको व्यापार, ईरिक्सा संचालन गर्न दिने ।
- निश्चित समय र निश्चित आर्थिक हैसियत बनेपनि ती व्यक्तिलाई बैकल्पिक रोजगारीमा संलग्न गराई सो काममा निषेध गर्ने ।
- गरिबी निबारण कोषलाई आमन्त्रण गर्ने ।

**क्रमशः**

# १०. सुशासन र सूचनाको हकमा जाने

- सुशासनमा नमूना बन्ने । सुशासन ऐन जारी गर्ने ।
- बिधिको शासन संचालन गर्ने ।
- नागरिक बडापत्रको साथै कार्यप्रबाह तालिका जारी गर्ने ।
- सूचनाको हकसम्बन्धी ऐन जारी गर्ने ।
- सबै काममा पूर्ण पारदर्शिता अबलम्बन गर्ने ।
- सार्वजनिक खरिदसम्बन्धी  कानून तत्काल निर्माण गरी लागू गर्ने ।

क्रमशः

# ११. जमिनको भरपूर उपयोग गर्ने

- जमिनलाई उपयोगका आधारमा बर्गीकरण गरी तोकिएको काम गर्न लगाउने ।
- बस्ती योग्य जमिनमा मात्र घर निर्माण गर्न दिने ।
- औद्योगिक भूमिमा उद्योग मात्रै स्थापना गर्न दिने ।
- कृषि भूमिका मात्रै सिँचाई लगायतको सुविधा प्रदान गर्ने ।
- कृषि जमिनमा घर निर्माण एवं प्लटिङ्गको कार्यलाई पूर्णरुपमा निषेध गर्ने ।
- विपन्न र सिमान्तकृतका लागि स्थानीय तहले क्रमशः किफायती मूल्यको घर निर्माण गरी बितरण गर्ने ।
- सबै सार्वजनिक जमिनमा तारबार गरी बगैँचा निर्माण गर्ने, खेलकूद मैदान बनाउने वा लिजमा दिएर आम्दानी गर्ने ।
- सार्वजनिक जमिनको अतिक्रमण पूर्णरुपमा रोक्ने तथा तिनको समुचित प्रयोग गर्ने ।

# १२. सोलारबाट आर्थिक जीवन उठाउने

- स्थानीय तहभित्र रहेका खास खास बस्तीको पहिचान गरी सोलारद्वारा राती झलमल्ल उज्यालो हुने व्यवस्था गर्ने ।
- दिउँसो सोही सोलारबाट धान कुट्ने, तोरी पेल्ने, घट्ट सञ्चालन हुने, कुटिर उद्योग सञ्चालन हुने प्रबन्ध मिलाउने ।
- आम जनतालाई साना ठूला काममा संलग्न गराई सबैलाई आफ्नै खुट्टामा उभिने सक्ने गरी अथोपार्जनको काममा संलग्न गराउने ।
- बिशेषगरी गृहणी महिलाले अर्थोपार्जन गर्न सक्ने कामलाई तत्कालै व्यबहारमा उतार्ने ।
- सोलारका बिभिन्न उत्पादनहरुलाइृ उपयोगमा ल्याउने ।
- बैकल्पिक उर्जा केन्द्रलाई आमन्त्रण गर्ने ।

# १३. फोहोरलाई मोहोरमा बदल्ने

- सबै जनताको घरमै पिउने पानीको पाईप पुऱ्याई पानी वितरण गर्ने ।
- सबैको घरमा अनिवार्य रुपमा शौचालय निर्माण गराउने ।
- सफाईमा कुहिने र नकुहिने बस्तु छुट्याउन लगाई नकुहिने बस्तुको खरिद बिक्री मूल्य तोकी फोहोरलाई मोहोरमा रुपान्तरित गर्ने ।
- कुहिने बस्तुबाट प्रागांरिक मल तयार गर्ने ।
- यो मलको पर्याप्त उपलव्धता भएपनि रासायनिक मल मुक्त स्थानीय तह घोषणा गर्ने ।
- यस कामका लागि फोहोरमैला केन्द्रलाई आमन्त्रण गर्ने ।
- अन्य स्थानीय तहका सफल अभ्यास अनुसरण गर्ने ।

# १४. युवालाई परिचालन गरी सामाजिक सुधार गर्ने

- निश्चित उमेरका युवालाई शारीरिक सुगठन, अनुशासन, आत्मसम्मान, उद्यमशीलता सम्बन्धी तालीम दिने ।
- निश्चित योग्यता र क्षमता हासिल नगरी विवाह गर्न प्रतिबन्ध लगाउने ।
- क्रमशः पैत्रिक सम्पत्तिको हकका सट्टा एक आबास र एक रोजगारी तथा पर्याप्त सामाजिक सुरक्षा भत्ताको हक दिने ।
- सबै घर धुरीमा टेलिफोन सेवा पुऱ्याउने ।
- यसैगरी सबै घरमा इन्टरनेट सेवा पुऱ्याउने ।
- यस सेवा सञ्चालनको तालीम दिने । स्थानीय तहका सबै सेवा सुविधा इन्टरनेटद्वारा अनलाईन प्रवाह गर्ने । घर घरका युवालाई यस्मा परिचालन गर्ने ।

# १५. स्थानीय उत्पादकले उचित मूल्य पाउने प्रबन्ध गर्ने

- .आम युवा र गृहणीलाई आफ्नो स्थानीय तहमा उत्पादन हुने वस्तुको प्याकेजिङ्ग, ग्रेडिङ्ग र प्रशोधन गर्ने तालीम दिने ।
- यस सम्बन्धी उपकरण अनुदानमा उपलब्ध गराउने ।
- उत्पादन बृद्धि गरी उच्च मूल्य हासिल गर्ने वातावरण निर्माण गर्ने ।
- यस्का लागि ठाउँ अनुसार हस्तकलाका सामाग्री निर्माण गर्ने, चिनी उत्पादनको खाडसारी उद्योग स्थापना गर्ने, जडिबुटीको अक्सन हाउस निर्माण गर्ने लगायतमा लगानी गर्ने ।
- आफ्नो स्थानीय तहको वडापिच्छे सुपथ मूल्यको सहकारी पसल स्थापना गर्ने ।
- ती पसलमा स्थानीय उत्पादन र जनताका दैनिक उपभोग्य वस्तुको आपूर्ति सहज गर्ने । मूल्य र गुणस्तरमा ध्यान दिने ।

# १६. स्थानीयस्तरमा रोजगारी सृजना गर्ने

- महिला, बालबालिका, जेष्ठ नागरिक र अरु बिशेष प्राथमिकता दिनु पर्ने बर्ग र क्षेत्रको पहिचान गरी ठाउँ अनुसारको कार्यक्रम घोषणा गर्ने ।
- बेरोजगारलाई साईकल र मोटरसाईकल मर्मत केन्द्र खडा गर्न सघाउने ।
- मोवाईल, रेडियो, घडी लगायतको मर्मत गर्ने तालीम दिई बिउपूजी दिएर पसल खोल्न लगाउने ।
- फोटोकपीको सेवा दिने पसल, फोटो खिच्ने पसल, ड्राईल्किन शप खोल्न लगाउने ।
- बेरोजगारहरुलाई उत्प्रेरित गरी रोजगारी अबसर पहिचान गर्न र काम गर्न सघाउने ।

# १७. बेरोजगार समस्या समाधानका विकल्पहरु खोजी गर्ने

- कुनै पनि नागरिक बेरोजगार नहुने गरी रोजगारीको व्यवस्था गर्ने ।
- व्यक्ति अनुसार पत्रिका सञ्चालनको तालीम, तरकारी संकलन र बिक्रीको काम, खाद्यान्नको होम डेलिभरी, गाउँ र टोलको सफाई लगायतका सयौं प्रकारका काम सोची ती काममा सबैलाई संलग्न गराउने ।
- यथार्थमा काम गरे पछि उत्पादकत्व बढ्छ । उत्पादकत्व बढेपछि आर्थिक समृद्धि आउँछ ।
- स्थानीय तहको प्रमुख उद्देश्य भनेकै आफ्नो स्थानीय तहलाई नेपालभित्र र बाहिर आर्थिक समृद्धिको पर्याय बनाई परिचित गराउनु हो । यस्का लागि बेरोजगारलाई रोजगारी दिने नै हो ।

# १८. स्वास्थ, सुरक्षा र पूर्बाधारमा जोड दिने

- प्रत्येक वडामा स्वास्थ्य चौकी खडा गर्ने ।
- युवा स्वयंसेवीलाई तालीम दिएर प्राथमिक उपचार सेवाप्रवाह गर्नसक्ने तुल्याउने ।
- सबै घरधुरीलाई पालो लगाएर चौबिसै घण्टा स्वास्थ्य चौकी सञ्चालन हुने र सोही टोलीद्वारा वडामा सुरक्षा प्रबन्ध पनि हुने व्यवस्था गर्ने ।
- जनताले तत्काल महशुस गरेका सडक, गोरेटो, घोडेटो, फड्के, कलबर्ट, पूल, कुलो, बिजुली बत्ती, सामुदायिक भवन निर्माण गर्ने गराउने ।
- बडाबासीले महशुस गरेका अन्य पूर्बाधार निर्माणमा प्राथमिकता दिने ।

# १९. नागरिकलाई उत्प्रेरित गर्नुपर्छ

- स्थानीय तहले सामुदायिक स्वास्थ्‍य वीमाको पहल गर्नु पर्छ ।
- नागरिकमा बचत गर्ने बानीको विकास गराउनु पर्छ ।
- टोल टोलमा स्वरोजगारको स्किमका बिषयमा अन्तरक्रिया संचालन गर्नु पर्छ ।
- महिला विकासका कार्यक्रम संचालन गर्नुपर्छ ।
- जे गर्दा नागरिकमा जागरण आउछ, सो काममा अग्रसर हुनुपर्छ ।

# २०. नागरिकमा आशा र भरोसा जगाउनु पर्छ

- प्रत्येक स्थानीय तहले निश्चित संख्यामा स्थायी बासिन्दा, निश्चित बार्षिक अम्दानी, सडक, सडक पेटी, बिद्युत, खानेपानी, सरसफाईको व्यबस्था, संचार सुबिधा, फोहोरमैलाको व्यबस्थापन, ल्याण्डफिल्ड साईट र प्रत्येक वडामा खुल्ला क्षेत्रको व्यबस्था गर्नुपर्छ ।
- यसैगरी प्रत्येक वडामा पार्क र उद्यान, कम्तिमा पच्चीस शैयाको अस्पताल, यात्रु विश्रामस्थल र शौचालयसहितको बसपार्क, बैक तथा बित्तिय संस्थाको सेवा, सामुदायिक भवन, सभाहल, बजार क्षेत्र, पशुबधशला र शबदाहस्थलको व्यबस्था गर्नुपर्छ ।
- प्रत्येक पालिकाले आफ्नो गुरुयोजना तर्जुमा गरी लागू गर्नुपर्छ ।

## २०. नागरिकमा आशा र भरोसा जगाउनु पर्छ

- प्रत्येक स्थानीय तहले कोशेली घर, सामुदायिक स्वास्थ्य् वीमा, माध्यमिक बिद्यालय, अनौपचारिक शिक्षा, महिला विकास, सहकारी खेती र पशुपालन । मलखाद, वीउवीजनसहितको कृषि र पशु प्राविधिक सेवा, सुपथ मूल्य सहकारी पसल, वन वाटिका, पुस्तकालय र वाचनालय, नपामा अधिकृत तहको वडा सचिब, नपा वडामा डिएसपी सहितको प्रहरी चौकी स्थापना गर्नुपर्छ ।
- प्रत्येक पालिकाले प्रत्येक वडामा अनिबार्यरुपमा कार्यालय खोली सेवा प्रबाह गर्नुपर्छ ।
- प्रत्येक पालिका सिंहदरवार जस्तो देखिईनु र अनुभूत हुनुपर्छ ।

# २०. नागरिकमा आशा र भरोसा जगाउनु पर्छ

- प्रत्येक स्थानीय तहले ग्रामीण औद्योगिक क्षेत्र, हस्तकला ग्राम,
- वन वाटिका, सामुदायिक भवन, पुस्तकालय, र
- खेल मैदान, बृध्दश्रम, म्यूजियम, चिडियाखाना,
- संग्रहालय, रिक्रियसन सेण्टर, नेपाल चिनाउने रेप्लिका,
- गेष्ट हाउस लगायत निर्माण गर्नुपर्छ,
- यसबाट जनतामा आशा र भरोसा बढेर जान्छ,
- आफूलाई पनि आत्मसन्तोष हुन्छ ।

# २०. अन्त्यमा शुभकामना

- तिमी आट म पुर्‍याउछ्छु भन्ने नेपाली लोकोक्ती अनुसार,
- यस्ता श्रृजनशील कामको माध्यमद्धारा,
- सबै स्थानीय तहले जनताबाट वाह वाह आर्जन गर्न सक्नुपर्छ,
- यो गरेमा संभब हुने कुरा हो,
- यसर्थ सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।



# Thank you!